# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(महिला तथा बालबालिका शाखा)

नेपालगञ्ज, बाँके ५ नं. प्रदेश, नेपाल

## कार्यक्रम सञ्चालनका लागि तालिम प्रदायक संस्था/कम्पनी वा गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्तजरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।१०।०१)

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७६/०७७का लागि स्वीकृत कार्यक्रम मध्ये महिला लक्षित कार्यक्रमहरु सेवा खरिद मार्फत् सञ्चालनं गर्नुपर्ने भएकोले प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन लिई सम्बन्धित क्षेत्रमा आवद्ध, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका संस्था/कम्पनि वा गैरसरकारी संस्थाहरुलाई तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक विषय उल्लेख गरी (तल उल्लेखित बजेट रकमको थप १०(दश) प्रतिशत लागत सहभागिता) एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ ।

| सि.नं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | मुस्लिम तथा लोपोन्मुख महिलाका लागि आयआर्जन सहयोग कार्यक्रम | १००,०००।- |
| २ | मागमा आधारीत तालिम (लक्षित किशोरीहरु तथा महिलाहरुको लागि कुक, ड्राईभिङ र वेटर तालिम) | ५००,०००।- |
| ३ | विपन्न र पछाडि परेका महिलाका लागि लोकसेवा तयारी कक्षा | २३४,०००।- |

प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र,(२) प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन प्राप्त प्रमाणपत्र, (३) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र, (४) उप-महानगरपालिकाको मौजुदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (५) आ.व.२०७५।०७६ सम्मको लेखा परिक्षण प्रतिवेदन, (६) आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाणपत्र, (७) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र,(८) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको,(९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको,(१०) प्रस्ताव तयार गर्दा कार्यक्षित्रगत शर्त (ToR)का आधारमा तयार गरेको हुनुपर्नेछ, (११)संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनुपर्नेछ,(१३) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ, (१४) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको र प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्था भएको संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ, (१५) कुनै पनि प्रस्तावदाताले माथि उल्लेखित सवै क्रियाकलापहरुमा प्रस्ताव पेश गर्न सक्नेछन र पेश गर्ने प्रस्तावको प्रत्येक पानामा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ,(१६) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा वा उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ,(१७) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१८) कुनै कारण जनाई वा नजनाइ पेश भएको प्रस्ताव छनौट गर्ने वा रद्द गर्नसक्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ,१९)प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR)यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.npमा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५२३६४१/५२०३१६ /५२१००७ ।

(हरि प्याकुरेल)
प्रमुख प्रशासकीय अधिकृत

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके

५ नं. प्रदेश, नेपाल ।


**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७६/०७७ का लागि स्वीकृत महिला लक्षित विभिन्न तालिम कार्यक्रमहरु तालिम प्रदायक संस्था/कम्पनि वा गैरसरकारी संस्थाहरु मार्फत् सञ्चालन गनुपर्ने भएकोले प्रस्तावपेश गर्न ईच्छुक प्रस्तावदाताहरुका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (ToR)।**

**१. कार्यक्रमको पृष्ठभूमी :**

स्थानीय सरकार सञ्चालन ऐनका साथै नेपालगञ्ज उप-महानगरपालिकाद्धारा स्वीकृत भै जारी भएका विभिन्न ऐन, नियम कार्यविधि र निर्देशिका बमोजिमउप-महानगरपालिबाबाट वार्षिक कार्यक्रम/बजेट स्वीकृत गरी विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्दै आईरहेको छ । यसै सन्दर्भमा चालू आ.व. २०७६/०७७ मा महिला लक्षित कार्यक्रम तर्फ तोकिएका लक्षित समुदायलाई रोजगारमूलक अवसर सृजना गराई उनीहरुको आयआर्जनमा सघाउ पुरयाउने नीति रहेको छ । सो प्रयोजनार्थ तालिमको प्रचलित समय अवधि, विषयवस्तु लगायत न्यूनतम मापदण्डका आधारमा तालिम सञ्चालन गरि तालिम प्राप्त व्यक्तिहरुलाई रोजगार उन्मुख गराउन सक्ने साथै यस कार्यालयको मिति २०७६।१०।०१ गते प्रकाशित सूचनामा उल्लेखित विषयवस्तुका आधारमा सम्बन्धित क्षेत्रमा ख्याती कमाएका, योग्य र क्षमतावान संस्थाहरु छनौट गरिसंचालन गर्ने योजना रहेकोले सो कार्यका लागि प्रस्ताव तयार गर्ने कार्यका साथै संस्था छनौटमा समेत सहयोग पुगोस भन्ने अभिप्रायले यो कार्यक्षेत्रगत शर्त(ToR)तयार गरिएको छ ।

**२. कार्यक्रमको उद्देश्य तथा लाभान्वित वर्ग :**

यस कार्यक्रमको उद्धेश्य नेपालगञ्ज उप-महानगरपालिका भित्र बसोवास गर्ने सामाजिक तथा आर्थिक रुपले पिछडिएका अति विपन्न गरिवीको रेखामुनी रहेका महिला, किशोरी, दलित, आदिबासी जनजाती, मधेशी, मुस्लिम तथा लोपोन्मुख समुदायलाई आर्थिक शसक्तिकरणमा टेवा पुरयाउन सीपमूलक र आयआर्जनमूलक तालिम प्रदान गरि रोजगारमा संलग्न गराई समन्यायिक समाजको विकास गर्नु रहेकाले प्रस्तावदाताले उक्त कुरालाई मूल रुपमा ध्यान दिई प्रस्ताव पेश गर्नुपर्नेछ ।

**३. प्रस्ताव तयार गर्दा उल्लेख गर्नुपर्ने विषयहरु :**

- प्रस्तावको ढाँचा आफूखुशी प्रयोग गर्न सकिनेछ तर यस कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका र सूचनामा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।
- संस्थागत परिचय : एकदमै छोटोमा उल्लेख गर्ने ।
- कार्यक्षेत्र र कार्य अवधि : सहभागी छनौट गर्दा उपमहानगरपालिकाको भौगोलिक क्षेत्र समेटिने गरि यस कार्यालयका साथै वडा कार्यालयहरुसंगको समन्वयमा सहभागी छनौट गराई तालिम कार्यक्रमा सञ्चालन गर्नुपर्नेछ । चालू आ.व. २०७६।०७७ को जेष्ठ १५ गते भित्र सम्पन्न गरिसक्नुपर्ने कार्य अवधि निर्धारित गरिएको ।
- सहभागी छनौट : कार्यक्रम संचालन गर्नुपूर्व कार्यक्षेत्र भित्रका लक्षित बर्ग पहिचानका लागी सर्वेक्षण गर्ने विधि, सहभागी संख्या, कार्य अवधि लगायतका विषयहरु ।

- वडा कार्यालयका साथै वडा भित्र रहेका सबै सरोकारवालाहरु संगको समन्वय : कार्यक्रम सञ्चालनको प्रारम्भिक चरण देखि कार्यसम्पन्न पश्चात् खर्चको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको सिलसिलेवार प्रक्रियागत विषयहरु उल्लेख गर्ने ।
- कार्यक्रमको नाम, संचालन गर्ने विधि : प्रस्ताव पेश गर्दा कुन कार्यक्रमका लागि पेश गरेको र के कसरी संचालन गर्ने हो विधि उल्लेख गर्ने ।
- संस्थाको साझेदारी : सूचनामा उल्लेख गरिएको बजेट रकमको कम्तिमा १० (दश) प्रतिशत लागत सहभागिता सहितको प्रस्तावित बजेट पेश गर्नुपर्नेछ ।
- कार्यारम्भ गर्दा लाभान्वित हुने लक्षित समूहका व्यक्तिहरुको व्यक्तिगत प्रोफाईल तयार गरि गर्नुपर्नेछ । सो पश्चात तालिम कार्यक्रम सञ्चालन, अनुगमन तथा कार्यसम्पन्न पश्चात उनीहरुलाई रोजगारमा संलग्न गराउने सुनिश्चितता सहित संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् ।
- व्यवसायीक परामर्श तथा बजार विस्तार : सीप सिकेका व्यक्तिहरुद्वारा उत्पादनमूलक व्यवसाय सञ्चालन गर्न चाहेमा उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थापनको लागि बजारीकरण,सञ्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्ने योजना के कस्तो रहने हो प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।
- कार्य योजनाः प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न सकिने खालको कार्ययोजना र सो को पुष्ट्याई सहित पेश गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन विधि : सहभागि छनौट, तालिमको सञ्चालन/व्यवस्थापन, तालिम समापन, सार्वजनिक परिक्षण गरे, नगरेको विषयमा अनुगमन तथा पृष्ठपोषण विधि उल्लेख गर्ने ।
- जनशक्ति : सूचनामा उल्लेखित तालिम कार्यक्रम सञ्चालन गर्ने र समग्र तालिम व्यवस्थापन गर्ने विषयगत क्षेत्रका जनशक्तिहरुको शैक्षिक योग्यता, अनुभव/क्षमता, कार्यकुशलता उल्लेख गरिएको व्यक्तिगत बायोडाटा सहित भरपर्दो जनशक्तिको पुष्ट्याई उल्लेख गर्नुपर्नेछ ।

**४.प्राविधिक तथा आर्थिक प्रस्तावः** माथि उल्लेखित विषयवस्तुहरुमा ध्यानमा दिई प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा नभई एउटै खाममा राखि शिलबन्दि सहित पेश गर्नुपर्नेछ ।साथै प्रस्तावको प्रत्येक पानामा प्रमाणित गर्ने संस्था प्रमुखको दस्तखत र संस्थाको छाप लागेको हुनुपर्नेछ ।

**५. तालिम कार्यक्रमको भुक्तानी व्यवस्थापन :** कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् प्रगतिका आधारमा भुक्तानी दिइनेछ । पेश्की उपलब्ध हुनेछैन । तालिम प्रदायक संस्था छनौट पश्चात् सम्झौताका शर्तहरु आपसी सहमतिमा तयार गरि द्विपक्षिय विच सम्झौता गरिनेछ ।

**६. प्रस्ताव मूल्यांकन गर्ने तरिका :** पेश भएका प्रस्तावहरु गुणस्तर र लागत विधि अनुसार गरिनेछ ।

**७.पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-** सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

***नोट : प्रस्तुत शीर्षक अन्तर्गत रही सेवा प्रदायक संस्थाले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ । यसका साथै छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न वाधा पर्ने छैन ।***

*समाप्त ।*